सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बडागाँउ प्युठान ५ नं. प्रदेश, नेपाल २०७३

बैठक – ६१.

आज मिति २०७६ चैत्र २२ गते यस सरुमारानी गाउँपालिकाका अध्यक्ष श्री झगबहादुर विश्वकर्मा ज्यूको अध्यक्षतामा तपशिल बमोजिमका कार्यपालिका सदस्यज्यू हरुको उपस्थितिमा कार्यपालिकाको ६१ औं बैठक बसि निम्न बमोजिमका निर्णयहरुका साथ सम्पन्न गरीयो ।

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री झग बहादुर विश्वकर्मा | अध्यक्ष | |
| २ | श्री मिना कुमारी सोमै | उपाध्यक्ष | |
| ३ | श्री बसन्त बहादुर जि.सी. | सदस्य | |
| ४ | श्री चिन्त बहादुर सोमै मगर | सदस्य | |
| ५ | श्री भिम बहादुर मर्साङी मगर | सदस्य | |
| ६ | श्री तुल बहादुर रोका मगर | सदस्य | |
| ७ | श्री मुकुन्द राज शर्मा | सदस्य | |
| ८ | श्री सन्त बहादुर बराल मगर | सदस्य | |
| ९ | श्री मो. हलिम हलुवाइ | सदस्य | |
| १० | श्री टंक प्रसाद सुनार | सदस्य | अनुपस्थित |
| ११ | श्री शुशिला के.एम. | सदस्य | |
| १२ | श्री चन्द्रिमा थापा | सदस्य | अनुपस्थित |
| १३ | श्री जिवा सुनार | सदस्य | जिवा सुनार |
| १४ | श्री खिमा सुवेदी | सदस्य | खिमा |
| १५ | श्री अमर बहादुर घर्ती | सचिव | |
| अन्य उपस्थिति | | | |
| १. | टेकेन्द्र रायमाझी | स्वास्थ्य शाखा प्रमुख | |
| २. | टोप बहादुर शाही | लेखा प्रमुख | |
| ३. | इन्द्राङ लामा | प्रहरी चौकी प्रमुख | |
| ४. | इच्छा बुढा | स्वास्थ्य शाखा | |
| ५. | बुद्धिराम शर्मा | का. स. | |

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बडागाँउ प्युठान ५ नं. प्रदेश, नेपाल २०७३

Scanned with CamScanner

सरुमारानी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक

संख्या -६१

मिति:२०७६/१२/२२

बैठकका प्रस्तावहरु:-

१.लक डाउनबाट अति प्रभावित मजदुर, घरवार विहिन तथा अति विपन्न व्यक्तिहरुको अन्तिम विवरण तयार सम्बन्धमा।

२.कोरोना रोकथाम नियन्त्रण तथा उपचार कोष स्थापना गर्ने सम्बन्धमा ।

३.उक्त कोषमा रकम विनियोजन गर्ने सम्बन्धमा।

४. लक डाउनबाट प्रभावित परिवारलाई राहत उपलब्ध गराउने सम्बन्धि मापदण्ड २०७६ पारित सम्बन्धमा।

५. कोरोना रोकथाम, नियन्त्रण तथा उपचार कार्यमा खटिएका कर्मचारीको प्रोत्साहन  भत्ता वारेमा ।

६. लक डाउनबाट प्रभावित परिवारलाई राहत उपलब्ध गराउने सम्बन्धमा ।

७. सार्वजनिक तथा सर्वपक्षिय सूचना आव्हान गर्ने सम्बन्धमा ।

८. विविध सम्बन्धमा ।

*बैठकका निर्णयहरु*

*निर्णय नं. १.* प्रस्ताव नं. १ मा छलफल गर्दा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९)को नियन्त्रण तथा रोकथामको लागि देशव्यापी लक डाउनबाट अति प्रभावित मजदुर, घरवार विहिन तथा अति विपन्न व्यक्तिहरुको अन्तिम विवरण तयार पार्ने सम्बन्धमा यस गाउँपालिकाका ६ वटै वडाका वडा समितिको निर्णयमा सिफारिस भएका तपशिल बमोजिमको विवरणलाई स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल:

| क्र.स. | वडा नं. | परिवार संख्या | कफियत |
|---|---|---|---|
| १. | १ | १६६ | |
| २. | २ | ९८ | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ३. | ३ | ५२ | |
| ४. | ४ | २३ | |
| ५. | ५ | १० | |
| ६. | ६ | १० | जम्मा ३५९ |

*निर्णय नं. २.* विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९)को नियन्त्रण तथा रोकथामको लागि देशव्यापी लक डाउनबाट अति प्रभावित मजदुर, घरवार विहिन तथा अति विपन्न व्यक्तिहरुलाई अति आवश्यक राहत सामाग्री वितरण, वडा स्तरमा क्वारेनटाईन पूर्वाधार निर्माण तथा सञ्चालन, राहत सामाग्री वितरण, आवश्यक विवरण संकलन र कार्यालयको अति आवश्यक कार्यहरु गर्नको लागि नेपाल सरकार अर्थ मन्त्रालयको निर्णय अनुसार प्रत्येक स्थानीय तहले वेग्लै कोष खातावाट खर्च लेखाङ्कन र व्यवस्थापन गर्नु पर्ने भनि निर्देशन भएकोले यस कार्यालयमा रहेको प्रकोप व्यवस्थापन कोष मा रकम विनियोजन गरि उक्त कोष सञ्चालन गरि सोही कोषवाट यस महामारीको खर्च अभिलेख व्यवस्थपन गर्ने । साथै उक्त प्रकोप व्यवस्थापन कोषमा मौजुदा रहेको रकम (रु. १,५१,०००।) सहित पन्ध्र लाख रुपैया (रु.१५,००,०००।) बराबरको कोष स्थापना गर्ने निर्णय गरियो ।

*निर्णय नं. ३.* कोरोना रोकथाम, नियन्त्रण तथा उपचारको लागि यस कार्यालयमा सञ्चालनमा रहेको प्रकोप व्यवस्पन कोषमा नेपाल सरकार अर्थ मन्त्रालयको परिपत्र बमोजिम संघीय वित्तिय समानीकरण अनुदान, संघीय राजस्व वाडफाँड अनुदान र स्थानीय तहको आन्तरिक राजस्वका वजेट शिर्षकवाट रकमान्तर गर्न सकिने भनि गरिएको परिपत्रानुसार तपशिल बमोजिमका वजेट शिर्षकलाई रकमान्तर गरि प्रकोप व्यवस्थापन कोषमा जम्मा गरि खर्च गर्ने निर्णय गरियो।

तपशिलः

| क्र.स. | रकमान्तर गरिएको शिर्षक र रकम | विनियोजन गरिएको शिर्षक र रकम | कैफियत |
|---|---|---|---|
| १ | विपद व्यवस्थापन कोष रु. ३,००,०००। | प्रकोप व्यवस्थापन कोष रु.३,००,०००। | |
| २ | विपन्न असाहाय कोष रु. २,००,०००। | प्रकोप व्यवस्थापन कोष रु.२,००,०००। | |
| ३ | मर्मत सम्भार कोष रु. १,००,०००। | प्रकोप व्यवस्थापन कोष रु.१,००,०००। | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ४ | सरसफाई अभियान रु.२,५०,०००। | प्रकोप व्यवस्थापन कोष रु.२,५०,०००। | |
| ५ | सिप विकास तथा जनचेतना तालिम तथा गोष्ठ सम्बन्धी खर्च रु. ५,००,००० | प्रकोप व्यवस्थापन कोष रु. ५,००,०००। | |
| | *जम्मा रु.१३,५०,०००।* | *जम्मा रु.१३,५०,०००।* | |
| | | कोषमा मौजुदा रु.१,५१,२७०। | |
| | | *कुल जम्मा प्रकोप व्यवस्थापन कोषमा रु.१५,०१,२७०।* | |
| ६ | अनुगमन मूल्यांकन खर्च रु.२,००,०००। | कर्मचारी प्रोत्साहन तथा पुरस्कार रु.२,००,०००। | |

*निर्णय नं. ४.* संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, वातावरण तथा विपद व्यवस्थापन शाखाको च नं ४३९ मिति २०७६/१२/१९ को पत्रानुसार देशव्यापी लक डाउनबाट अति प्रभावित अंसगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग, मजदुर, घरवार विहिन, अति विपन्न तथा असहाय व्यक्तिहरुलाई यस गाउँपालिकाबाट वितरण गरिने राहत सामाग्री वितरण प्रकृयालाई व्यवस्थित गर्न नेपाल सरकार अर्थ मन्त्रालयले तयार पारेको नमुना मापदण्डलाई तपशिल बमोजिम हुनेगरि *असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराईने राहत सम्बन्धि मापदण्ड* -२०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिलः राहत वितरण गरिने राहत सामाग्रीहरु

(क) चामल -२५ किलोग्राम

(ख) दाल -२ किलोग्राम

(ग) नुन -२ किलोग्राम

(घ) खाने तेल -२ लिटर

(ङ) सावुन -४ (लुगा धुने -२ र हात धुने -२)

*निर्णय नं. ५.* विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड -१९) को संभावित संक्रमणको जोखिम बढदै गएकोले उक्त संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार गर्ने कार्यमा

Scanned with CamScanner

खटिएका यस सरुमारानी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय स्वास्थ्य शाखा तथा गाउँपालिका अन्तर्गतका विभिन्न स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीहरुलाई विपद तथा महामारीको विषम परिस्थितिमा पनि निरन्तर खटिरहेकोले उक्त कार्यको उच्च मूल्याङ्कन गर्दै थप उत्प्रेरणाको लागि प्रोत्साहन स्वरुप लक डाउनको अवधि भरलाई मासिक रुपमा तपशिल बमोजिमको आधारमा प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो।

तपशिल:

| क्र.स. | प्रोत्साहन भत्ता पाउने कर्मचारी | प्रोत्साहन रकम | कैफियत |
|---|---|---|---|
| १. | स्वास्थ्य शाखा प्रमुख | ५०००। | |
| २. | स्वास्थ्य शाखा अन्य कर्मचारी | ४०००। | |
| ३. | स्वास्थ्य चौकी प्रमुख | ३५००। | |
| ४. | स्वास्थ्य चौकीका अन्य तथा अन्य स्वास्थ्य संस्थाका कर्मचारीहरु | ३०००। | |
| ५. | स्वास्थ्य संस्थाका का. स. | १०००। | |
| ६. | महिला स्वास्थ्य स्वयम सेविका | ५००। | |

*निर्णय नं.* ६. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९)को नियन्त्रण तथा रोकथामको लागि देशव्यापी लक डाउनबाट अति प्रभावित मजदुर, घरवार विहिन तथा अति विपन्न व्यक्ति तथा परिवारहरुलाई तत्काल राहत सामाग्री वितरण गर्नु पर्ने आवश्यक भएकोले हाललाई जम्मा १२० घरपरिवारलाई तपशिल बमोजिम वडागत विभाजनको रुपमा स्वीकृत मापदण्ड अनुसार आवश्यक राहत सामाग्री वितरण गर्ने ।साथै उक्त राहत वितरणको सम्पूर्ण जिम्मा स्वीकृत मापदण्ड बमोजिम गर्ने गरि प्रत्येक वडा समिति तथा वडा कार्यालयलाई दिने निर्णय गरियो

Scanned with CamScanner

तपशिलः

| क्र.स. | वडा नं. | परिवार संख्या | कैफियत |
|---|---|---|---|
| १. | १ | २५ | |
| २. | २ | २५ | |
| ३. | ३ | २५ | |
| ४. | ४ | २५ | |
| ५. | ५ | १० | |
| ६. | ६ | १० | |
| | जम्मा | १२० | |

*निर्णय नं. ७.* विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९)को नियन्त्रण तथा रोकथामको लागि देशव्यापी लक डाउनबाट अति प्रभावित मजदुर, घरवार विहिन तथा अति विपन्न व्यक्तिहरुलाई अति आवश्यक राहत सामाग्री वितरण, वडा स्तरमा क्वारेनटाईन पूर्वाधार निर्माण तथा सञ्चालन राहत सामाग्री , ढुवानी तथा वितरण र कोरोना भाईरसको नियन्त्रण रोकथाम तथा उपचार का सम्पूर्ण कार्यहरु सञ्चालन गर्न यस गाउँपालिका संग सरोकार राख्ने विभिन्न संघ, संस्था, राजनीतिक दलहरु, बुद्दिजिवीहरु, कर्मचारीहरु, जनप्रतिनिधिहरु, उद्योग वाणिज्य संघ तथा व्यापारीहरु संग सहकार्य तथा समन्वय गर्ने तथा नगद तथा जिन्सी सामाग्री सहयोगको लागि सर्वपक्षिय तथा सार्वजनिक सूचना आव्हान गर्ने निर्णय गरियो ।

*निर्णय नं. ८(क).* विविध सम्बन्धमा छलफल गर्दा कोरोना भाईरसको रोकथाम तथा नियन्त्रण लागि कार्यालयले खरिद गरेको १५०० पिस र सरुमारानी गाउँपालिका खेलकुद विकास समितिले प्रदान गरेको ६०० पिस गरि जम्मा २१०० पिस मास्क मध्ये १६०० पिस मास्क उक्त खेलकुद विकास समिति मार्फत गाउँपालिकाका सबै वडाका सबै टोलमा समानुपातिक रुपले वितरण गर्ने ।साथै वाकि ५०० पिस मास्क वडागत रुपमा वितरण गर्ने निर्णय गरियो।

निर्णय नं. ८(ख). विविध सम्बन्धमा छलफल गर्दा कोरोना भाईरसको रोकथाम, नियन्त्रण तथा उपचार कार्यको सहयोगको लागि यस सरुमारानी गाउँपालिका, गाउँ कार्यपालिकाका सम्पूर्ण सदस्यहरुबाट जनहि रु. १५००। को दरले जम्मा रु.२१०००।यस गाउँपालिकाको प्रकोप व्यवस्थापन कोष खातामा जम्मा गर्ने निर्णय गरियो ।

प्रमाणिकरण मिति - २०७६।१२।२४

Scanned with CamScanner